# कोरियामा बसोबास गर्ने विदेशीहरू (१८ वर्ष वा सो भन्दा माथि) को लागि कोरोना १९ खोपको तेस्रो डोज (बुस्टर) सम्बन्धि जानकारी

खोपहरू समय बित्दै जाँदा त्यसको प्रभाव कम हुँदै जान्छ र सङ्क्रमणको जोखिम बढ्छ। तेस्रो खोप (बुस्टर) सम्म पूरा गरेमा प्राथमिक खोपको भन्दा कोरोना १९ सङ्क्रमण र गम्भीर रोग रोक्नको लागि यसको प्रभावकारीता झन् ठुलो छ।
हालै कोरोना १९ को पुष्टि भएका घटनाहरूमा विदेशीहरूको अनुपात उच्च भए पनि विदेशीहरूको तेस्रो खोपको दर स्वदेशीको दाँजोमा कम छ, त्यसैले कोरियामा सुरक्षित जीवनको लागि अनिवार्य तेस्रो खोप लगाउनुहोस्।
कोरिया वा विदेशबाट आधारभूत खोप पूरा गरेका १८ वर्ष भन्दा माथिका विदेशीहरूले तेस्रो खोप (बुस्टर) निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ।

○ खोप अवधि

- प्राथमिक खोप पूरा भएको ३ महिना (९० दिन) बितेपछि तेस्रो खोप प्राप्त गर्न सकिन्छ। जोनसन खोप लगाएकाहरूले २ महिना (६० दिन) बितेपछि दोस्रो खोप (बुस्टर) प्राप्त गर्न सक्नुहुन्छ।
  * आधारभूत खोप : फाइजर, मोर्डना, एस्ट्राजेनिका २ डोज, जोनसन १ डोज
- यदि प्राथमिक खोप पूरा भएको ६ महिना भित्रमा तेस्रो खोप नलगाएमा क्वारेन्टाइन पासको प्रभावकारिता हराउनेछ। तेस्रो खोप लगाएमा तुरुन्तै प्रभावकारी हुनेछ।

○ खोपको प्रकार र स्थान

- हाल तेस्रो डोज mRNA खोप (फाइजर, मोर्डना) दिइरहेको छ। यद्यपि जोन्सन खोप लगाएकाहरू मध्ये दोस्रो खो (बुस्टर) जोन्सन लगाउन चाहनुहुन्छ भने कृपया नजिकको सार्वजनिक स्वास्थ्य केन्द्रमा सम्पर्क गर्नुहोस्।
- स्वास्थ्य बीमा भए पनि नभए पनि कोरोना १९ विरुद्धको खोप उपलब्ध गराउने मेडिकल संस्था वा सार्वजनिक स्वास्थ्य केन्द्रमा गएर खोप लगाउन सक्नुहुन्छ।

○ बुकिङ गर्ने तरिका

① कोरियामा आधारभूत खोप पूरा गरेका विदेशीहरू

१) दर्ता भएका विदेशी : आधारभूत खोपको लागि जस्तै अनलाइन वा फोन मार्फत् बुकिङ गर्न सकिन्छ।
  * अनलाइन बुकिङ : कोरोना १९ खोप अग्रिम बुकिङ प्रणाली (https://ncvr.kdca.go.kr) मा गएर आफैंलाई प्रमाणित गरेपछि बुकिङ
  ** फोनद्वारा बुकिङ : रोग नियन्त्रण र रोकथाम केन्द्र (☏1339) तथा स्थानीय सरकार बुकिङ परामर्शको फोन नं. (https://ncv.kdca.go.kr 접속 →'코로나19 खोप फोन बुकिङ सञ्चालन स्थिति चेक गर्नुहोस्)

२) दर्ता नभएका विदेशीहरू (गैरकानूनी आप्रवासीहरू सहित) : तपाईंले आधारभूत खोपको समयमा सार्वननिक स्वास्थ्य केन्द्रले जारी गरेको अस्थायी व्यवस्थापन नम्बरको प्रयोग गरेर फोन वा (खोप संस्था वा सार्वजनिक स्वास्थ्य केन्द्र) मा गएर बुकिङ गर्न सक्नुहुन्छ।

② विदेशमा आधारभूत खोप लगाएका विदेशीहरू (९० दिन भन्दा कम बसेका विदेशीहरू समेत)

- आफ्नो परिचय पत्रको साथ नजिकैको सार्वजनिक स्वास्थ्य केन्द्रमा गएर, अस्थायी व्यवस्थापन नम्बर प्राप्त गरेर आफ्नो विदेशी खोप इतिहास दर्ता गरेर, त्यसपछि फोन मार्फत् बुकिङ वा खोप संस्था (चिकित्सा संस्था वा सार्वजनिक स्वास्थ्य केन्द्र) मा गएर बुकिङ गर्न सक्नुहुन्छ।
  * दर्ता गरिएका विदेशी (एलिएन कार्ड भएका) हरूलाई अस्थायी व्यवस्थापन नम्बर जारी गर्न आवश्यक छैन

※ सन्दर्भ

- पहिचान जानकारी खोप उद्देश्यको लागि मात्र प्रयोग गरिन्छ, र गैरकानूनी रूपमा बस्ने आदि, शुल्क मुक्त सूचना प्रणालीको कारणले अध्यागमन कार्यालयलाई सूचित गरिने छैन।
- थप जानकारीको लागि कृपया कोरोना १९ खोपको लागि कोरिया केन्द्रहरू रोग नियन्त्रण र रोकथाम (KCDC) को वेबसाइट (https://ncv.kdca.go.kr) हेर्नुहोस्।

स्वास्थ्य समानता तथा परिवार मन्त्रालय　　कोरिया रोग नियन्त्रण तथा रोकथाम केन्द्र

<यो अनुवाद दानूरी कल सेन्टर १५७७-१३६६ बाट गरिएको हो>